मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

३५ बर्षमा पनि उस्तै नम्रता : पृष्ठ ४

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : १९८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ असार २ गते मंगलवार (Tuesday, June 16. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भा.रु. : ४/-



## प्रदेश १को बजेट ४० अर्ब ९० करोड



**विराटनगर, असार १।** प्रदेश १ सरकारले आगामी आर्थिक वर्षका २०७७/०७८को लागि कूल ४० अर्ब ८९ करोड ९९ लाख ४७ हजारको बजेट ल्याएको छ ।

कूल बजेटमध्ये चालूतर्फ १८ अर्ब ९३ करोड ४९ लाख ९३ हजार अर्थात् ४६.२९५ बजेट छुट्टिएको छ भने पुँजीगततर्फ २१ अर्ब ९२ करोड ५० लाख ४ हजार अर्थात् ५३.७१५ रहेको छ ।

यस्तै आर्थिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आङ्बोले सोमबार प्रस्तुत गरेको बजेटमा वित्तीय व्यवस्थापनतर्फ चार करोड र अन्तर सरकारी वित्त हस्तान्तरणमा लागि दुई अर्ब ८८ करोड ८२ लाख ४५ हजार विनियोजन गरिएको छ ।

बजेटको स्रोतको विषयमा मन्त्री आङ्बो आन्तरिक स्रोतबाट ४ अर्ब ७५ करोड ७ लाख ४७ हजार, राजश्व बाँडफाँडबाट १० अर्ब ३ करोड ५४ लाख, अनुदानबाट १५ अर्ब ११ करोड ३८ लाख र चालू आर्थिक वर्षको नगद मौज्दात ६ अर्ब रहने बताएका छन् । त्यसैगरी स्रोतबाट नपुगेको रकम ५ अर्ब रकम नेपाल सरकार सँग ऋण लिने आङ्बोले बताए ।

यसैबीच प्रदेश १ सरकारले प्रदेश सांसदहरुमार्फत खर्च गर्ने सांसद विकास कोषको बजेट घटाएको छ । प्रदेश सरकारले सांसद विकास कोष भनेर चिनिने प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको बजेट घटाएको हो । गत साल दुई करोड ५० लाख रुपैयाँ बजेट विनियोजन गरिएकोमा आगामी आर्थिक वर्षका लागि २ करोड छुट्याइएको छ । चालू आर्थिक वर्षमा ९३ जना प्रदेशसभा सदस्यहरुमार्फत खर्च हुने ५० लाख रुपैयाँ दरको कार्यक्रम बजेट बक्तव्यमा समावेश छैन ।

प्रदेश १ सरकारले कृषि तथा पशुपालनका लागि ३ अर्ब ८३ करोड १६ लाख बजेट विनियोजन गरेको छ । प्रदेश सभामा प्रस्तुत बजेटमा कृषि तथा पशुपालनका लागि ३ अर्ब ८३ करोड १६ लाख

*(बाँकी अन्तिम पृष्ठमा)*

# झापामा ११ करोडको सडक

**बिर्तामोड, असार १।** झापा गाउँपालिकामा एक पछि अर्को गर्दै सडक कालोपत्रे गर्न शुरु गरिएको छ । गाउँपालिकाले ग्रामीण क्षेत्रका सबै सडक कालोपत्रे गर्ने योजना अनुसार चालू आर्थिक वर्षमा नौ वटा सडक कालोपत्रे गर्न लागेको हो । गाउँपालिकाको वडा नं. ४ नयाँ बस्ती, बच्चु टोल हुँदै हुलाकी राजमार्गसम्म जोड्ने १.५ किलोमिटर कालोपत्रे गर्न शुरु गरिएको छ । सडक कालोपत्रे गर्ने कार्यको झापा गाउँपालिका अध्यक्ष जयनारायण साहले शिलान्यास गरेका छन् । सडक कालोपत्रे कार्यका लागि एक करोड ५० लाख ५३ हजार चार सय २६ रुपैयाँ रहेको अध्यक्षले जानकारी गराएका छन् ।

सतासी जयलक्ष्मी निर्माण सेवा जेभी कम्पनीले सडक निर्माणको जिम्मा लिएको छ । सडक शिलान्यास कार्यक्रममा वडाध्यक्षहरु राजु भारती, राजकुमार यादव, रेडक्रसका सुन्दरलाल गणेश, झापा गाउँपालिकाका शिक्षक महासंघका सचिव तथा सालमारा प्राविका प्रधानाध्यापक समसाद आलम लगायतको सहभागिता रहेको थियो । गाउँपालिकले चालू आर्थिक वर्ष २०७६/०७७ मा नौ वटा सडक कालोपत्रे गर्न ११ करोड ७९ लाख ४६ हजार एक सय ८२ रुपैयाँ १२ पैसा छुट्याएको छ ।

सबै वडाका मुख्य सडकमा कालोपत्रे पुऱ्याउने लक्ष्यसहित गाउँपालिकाले वडागतरुपमा सडक छनौट गर्दै कालोपत्रे गरेको गाउँपालिका अध्यक्ष साहले जानकारी दिए । गाउँका सडक फराकिला र कालोपत्रे हुन थालेपछि अहिले त्यहाँका स्थानीयबासी हर्षित देखिएका छन् ।

गाउँपालिकाले हस्पिटल-सितुमारी-सालमारा सडक कालोपत्रेका लागि दुई करोड २० लाख ७६ हजार दुई सय ६९ रुपैयाँ ८४ पैसा बजेट विनियोजन गरेको थियो । सोही रकमले यो सडक कालोपत्रे भएको हो । यो सडक एसएएस



जेभीले कालोपत्रे गरेको हो ।

एक करोड ३६ लाख ६० हजार चार सय ७१ रुपैयाँ एक पैसाको लागतमा झापा खानेपानी टेङ्की-वालुवाटार-सिमलवारी तथा टेकरिया चौक-सानुमाई सडक कालोपत्रे भएको छ । यो वडा नम्वर २ मा पर्छ । यो सडक शिद्धकाली इन्टरनेशनल विल्डर्सले कालोपत्रे गरेको हो ।

वडा नम्वर ४ को बगान उत्तर बच्चुटोल हुलाकी सडक कालोपत्रे भएको छ । सतासी-जयलक्ष्मी जेभीले एक करोड ५० लाख ५३ हजार चार सय २१ रुपैयाँ ५६ पैसाको लागतमा सडक कालोपत्रे गर्न शुरु गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जीवन निरौलाले बताए । शिद्धकाली इन्टरनेशनल विल्डर्सले नै गाउँपालिकाको फुलगाच्छी-सिमलवाडी सडक कालोपत्रे गरेको छ । सो सडक निर्माणका लागि गाउँपालिकाले एक करोड ४७ लाख ३९ हजार सात सय नौ रुपैयाँ २१ पैसा वजेट विनियोजन गरेको थियो ।

९६ लाख ८६ हजार छ सय १७ रुपैयाँ ५२ पैसाको लागतमा शान्ति निर्माण सेवाले खर्मेली चौक-तामाङ गाउँ वियर फ्याक्ट्री सडक कालोपत्रे गरेको हो । त्यसैगरी मदरगाछ बजार वडा कार्यालयसम्म जोड्ने सडकको निर्माणसहित कालोपत्रे सम्पन्न भएको छ । सो सडक निर्माणका लागि एक करोड ३८ लाख ३६ हजार चार सय १५ रुपैयाँ २३ पैसा गाउँपालिकाको विनियोजन गरेको थियो ।

वडा नम्वर ६ र ७ मा पर्ने शरणामति चौकदेखि दयालधाम जाने सडक कालोपत्रे भएको छ । सो सडक एक करोड ३४ लाख ६८ हजार तीन सय रुपैयाँ ३५ पैसामा कालोपत्रे गरिएको हो । सो सडक नेपाल पूर्वाधार कन्ट्रक्सन जेभीले कालोपत्रे गरेको हो । अमरपथ पूर्ब मुखिया गाउँ-गणित गाउँ-ज्यामिरे चौक हुँदै पश्चिम दोसाखी टोल झापा बजार सडक कालोपत्रे भएको छ । यो गाउँपालिकाको वडा नम्वर ३ मा पर्छ । यो सडक कालोपत्रेका लागि गाउँपालिकाले एक करोड ४९ लाख ६० हजार एक सय ३२ रुपैयाँ ३५ पैसा लगानी गरेको छ । शान्ति खनाल जेभीले सडक कालोपत्रे गरेको बताइन्छ ।

४५ लाख ३८ हजार चार सय ४३ रुपैयाँ ६५ पैसाको लागतमा वडा नम्वर ३ र ४ को शहीद मार्ग समेत कालोपत्रे

*(बाँकी अन्तिम पृष्ठमा)*

## लागूऔषधसहित दुई जना पक्राउ

**सुनसरी, असार १।** सुनसरीको बिभिन्न दुई स्थानबाट लागूऔषधसहित दुई जना पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय सुनसरीबाट गस्तीमा खटिएको प्रहरीको टोलीले सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-४ र बर्जु गाउँपालिका-३ बाट १ र १ जना गरी दुई जनालाई लागूऔषधसहित पक्राउ गरेको हो । भोक्राहा नरसिंह गाउँपालिकाबाट सोही गाउँपालिका-८ का शिवशंकर मेहेतालाई अबैध लागूऔषधहरु डाईलेक्स डि.सि.२१ बोतल, स्पास्मोप्रोक्सिभन एक सय ४१ क्याप्सुल र नाईट्रोसन ३७ ट्याबलेटसहित पक्राउ गरेको हो ।

त्यसैगरी बर्जु गाउँपालिकाबाट बिराटनगर महानगरपालिका-१६ का सन्तोष मण्डललाई अबैध लागूऔषध डाईलेक्स डि.सि.५९ बोतल, स्पास्मोप्रोक्सिभन दुई सय ८८ क्याप्सुल र नाईट्राभेट १० लेखिएको छ सय क्याप्सुलसहित पक्राउ गरिएको हो ।

लागूऔषधसहित पक्राउ परेका दुवै जनाको सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

## नेपालमा संक्रमणको जोखिम बढेकै हो ?

**झापा, असार १।** सरकारले कोरोनाभाइरस संक्रमण नियन्त्रण तथा रोकथामका लागि गरेको लकडाउनको ढाँचामा परिवर्तन ल्याएसँगै मानिसहरूको चहलपहल बढ्न थालेको छ ।

सोमवारदेखि सबै सरकारी कार्यालयहरू सञ्चालनमा ल्याएसँगै गतिविधिहरू अझै बढ्ने निश्चित छ । लकडाउनको ढाँचामा ल्याइएको परिवर्तनले जनजीवन केही हदसम्म सहज भएको मानिसहरूले बताइरहेका छन् । पछिल्ला दिनमा तरकारी बजारदेखि किराना पसल लगायत भिडभाड हुने ठाउँहरूमा मानिसहरूले एकअर्कासँग खासै दूरी कायम नगरेको र कतिपयले मास्क पनि नलगाउने गरेको गुनासो सुनिन थालेको छ ।

तर, लकडाउन खुकुलो पारिएको बेला मानिसहरूका सानो लापरवाहीले कोरोना भाइरस संक्रमण झन् फैलने जोखिम बढाएको भन्दै संक्रामक रोग विशेषज्ञ तथा जनस्वास्थ्यविद्हरूले सचेत गराएका छन् ।

**जोखिम बढेको हो ?**

मानिसहरूको लापरवाहीका कारण संक्रमण बढ्दै गए राज्यले लकडाउन दोहोऱ्याउन सक्ने सम्भावना रहेको उनीहरू बताउँछन् । जनसंख्या



तथा स्वास्थ्य मन्त्रालयलले सार्वजनिक गरेको तथ्याङ्क अनुसार नेपालमा संक्रमितको संख्या छ हजार दुई सय ११ नाघिसकेको छ । कोरोनाभाइरस संक्रमणबाट मृत्यु हुने व्यक्तिहरूको संख्या १९ पुगेको छ ।

यसअघि लकडाउनकै कारण मानिसहरू घरमै बसिरहँदा संक्रमण धेरै फैलिन नपाएको र अस्पतालहरू नभरिएको अवस्था रहेको संक्रामक रोग विशेषज्ञ डा. अनुप सुवेदीको ठम्याइ छ ।

उनी भन्छन्- 'संख्या धेरै बढ्यो र अस्पतालहरूको क्षमताले थेग्न सकेन भने अन्यत्रभन्दा हामीकहाँ मृत्युदर असाध्यै बढ्न सक्छ ।' नेपालमा लकडाउन लागू गर्दा र अहिले आएर खुकुलो पार्दा पर्याप्त गृहकार्य नगरिएको जनस्वास्थ्यविद्हरू बताउँछन् ।

**'नियन्त्रण भएको छैन'**

जनस्वास्थ्यविद् डा. शरदराज वन्त भन्छन्- 'लकडाउन खुकुलो पार्नुअघि पर्याप्त गृहकार्य गर्नुपर्थ्यो र विकल्पहरू दिनुपर्थ्यो । किनभने महामारी अझै नियन्त्रण भइसकेको अवस्था होइन ।'

तर, राज्यले गर्नुपर्ने कामसँगै नागरिकको पनि केही जिम्मेवारी रहेको उनी स्मरण गराउँछन् । 'लकडाउन खुकुलो पार्नुलाई संक्रमण सकिएको अर्थमा कदापि लिनु हुँदैन । कार्यालय अथवा बजार जहाँ जाँदा पनि दूरी कायम गर्ने अभ्यासलाई निरन्तरता दिनुपऱ्यो ।

हाम्रो लापरवाही र हामीले अपनाउनुपर्ने सतर्कतामा कमी हुँदा संक्रमण अझ माथि जाने सम्भावना रहिरहन्छ । त्यसमा डा. सुवेदी पनि सहमत छन् । भिडभाड गर्ने र मास्क नलगाउने काम पटक्कै गर्नुहुँदैन । सरकारले गर्नुपर्ने काम कम भएपछि नागरिकले आफ्नो सुरक्षामा आफैँले ध्यान दिनुपऱ्यो- उनले भने ।

लकडाउन खुकुलो पारिएपछि सार्वजनिक

*(बाँकी अन्तिम पृष्ठमा)*

## सूचना

**२०७५ साल भदौ १ गतेदेखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

**– बैंक नोट वा सिक्का जलाउने, गाल्ने–च्यात्ने वा बैंक नोटमा लेख्नेलाई तीन महिनासम्म कैद र पाँच हजार रुपैयाँसम्म जरिवाना हुने,**

**– अनुमति बिना कसैको तस्वीर खिचेमा वा निजको तस्वीरसँग अरु कसैको तस्वीर राखी अर्को तस्वीर बनाएमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुने,**

**– एकको तस्वीरको केही भाग अर्को व्यक्तिको अर्को भागसँग राखी वा अन्य कुनै किसिमले विकृत रुपमा तस्वीर बनाएमा दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुने ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रशारण विभाग**

## आचारण सचेतना शिक्षा लागू गरिने



**बिर्तामोड, असार १।** झापाको विर्तामोड नगरपालिकाले कक्षा ५ र ६ को पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयनमा ल्याउने भएको छ । आचरण सचेतना शिक्षा नाम दिइएको पाठ्यपुस्तक निर्माण गरिरहेको नगरपालिकाले जनाएको छ ।

गत वर्ष कक्षा ३ र ४ को पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी पठनपाठन भइरहेकोमा यस वर्ष कक्षा ५ र ६ को पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयनमा ल्याउने भएको बिर्तामोड नगरपालिकाले जनाएको छ ।

बिर्तामोड नगरपालिका अन्तर्गत सञ्चालित विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको सर्वाङ्गिण विकासका लागि स्थानीय पाठ्यक्रम निर्माण गरेको बिर्तामोड नगरपालिकाले जनाएको छ ।

बिर्तामोड नगरपालिकाले आर्थिक वर्ष २०७६/०७७ मा इतिहास, कला, साहित्य, संस्कृति, भाषा, लिपी, कानून, वन, कृषि लगायतलाई समावेश गरी स्थानीय पाठ्यक्रम बनाउने नीति लिएको थियो । जस अन्तर्गत कक्षा ३ र ४ को पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी पठनपाठन भइरहेको छ ।

पाठ्यक्रम निर्माण गर्न बिर्तामोड

*(बाँकी अन्तिम पृष्ठमा)*

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैंकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ–संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६००००११०१**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रशारण विभाग**





**रुखभरि पाक्यो लिची:** रावाबैंसी गाउँपालिका-१ कुभिण्डेको हरमटारमा लटरम्म फलेको लिची । जिल्लाको उत्तरी क्षेत्रमा पर्ने रावाबैंसीको एउटै वडाबाट गत वर्ष रु. एक करोडभन्दा बढीको लिची बिक्री भएको थियो । **तस्वीर : केदार मगर/रासस**

# अग्रज पत्रकार भण्डारीको स्वास्थ्यमा सुधार



**बिर्तामोड, असार १।** अग्रज पत्रकार तथा नेपाल पत्रकार महासंघका संस्थापक महासचिव चन्द्र भण्डारीको टाउकोको शल्यक्रिया गरिएको छ ।

टाउको दुखेर स्वास्थ्य परीक्षणका लागि बिर्तामोडस्थित बिर्तासिटी हस्पिटलमा पुगेका पत्रकार भण्डारीको मस्तिष्कको नशामा रगत जमेको चिकित्सकले बताएपछि आइतबार बेलुका भण्डारीलाई अस्पतालमा भर्ना गरिएको थियो ।

भण्डारीको टाउकोको तत्कालै शल्यक्रिया गर्नुपर्ने चिकित्सकले बताएपछि बिर्तासिटी हस्पिटलका न्यूरो सर्जन डा. चन्द्रप्रकाश लिम्बू नेतृत्वको टोलीले डेढ घण्टा लगाएर पत्रकार भण्डारीको टाउकोको शल्यक्रिया गरेको थियो । डा. लिम्बूका अनुसार भण्डारीको स्वास्थ्य अवस्था सुधारोन्मुख रहेको छ ।

कञ्चनजंघा एफएमका संस्थापक प्रबन्ध निर्देशक भण्डारीलाई सघन उपचार कक्षबाट क्याबिनमा सारिएको पारिवारिक श्रोतले जनाएको छ ।

# ३५ बर्षमा पनि उस्तै नम्रता



नम्रता श्रेष्ठ नेपाली चलचित्र क्षेत्रकी एक चर्चित मोडल र अभिनेत्री हुन् । उनले सानो संसार, मेरो एउटा साथी छ, छड्के लगायतका चलचित्रमा अभिनय गरेकी छन् । उनी नेपाली चलचित्र जगतमा आउनुभन्दा पूर्व मोडलिङ तथा थिएटरमा लागेकी थिइन् ।

चलचित्र 'सानो संसार'बाट चलचित्र क्षेत्रमा प्रवेश गरेकी नायिका नम्रता श्रेष्ठ पछिल्लो रिलिज चलचित्र 'जाइरा'सम्म आइपुग्दा दर्शकको मानसपटलमा छुट्टै छाप बनाउन सफल छिन् ।

उनले अभिनय गरेका 'मेरो एउटा साथी छ, नोभेम्बर रेन, क्लासिक, प्रसाद' लगायतका चलचित्रले बिशेष छाप छोड्न सफल छन् । उनको सुन्दरताको त सदा तारिफ भइरहन्छ । उनै सुन्दरी नायिका श्रेष्ठ आफ्नो ३५औं जन्मदिन मनाउँदैछिन् । नम्रतालाई चलचित्र क्षेत्रका चलचित्रकर्मी र दर्शकले भने सामाजिक सञ्जालबाट शुभकामना दिइरहेका छन् ।

नम्रता अभिनित चलचित्रको व्यापारमा उतार-चढाव आए पनि उनको लोकप्रियतामा भने गिरावट आएको छैन । सामाजिक सञ्जालमा उनलाई पछ्याउनेहरुको संख्या पनि लोभलाग्दो छ । प्रेम सम्बन्धलाई खुलेर व्यक्त गर्ने कारण पनि उनको चर्चा प्राय: चलिरहन्छ । उनै नम्रता उमेरले ३५ बर्ष पुग्दा पनि उनको सुन्दरतामा केही खोट देखिएको छैन ।

# पोखरीमा डुबेका युवक मृत फेला

**मोरङ, असार १।** मोरङको सुन्दरहरैचा नगरपालिका-१० मा रहेको माछा पोखरीमा नुहाउने क्रममा डुबेर बेपत्ता भएका स्थानीय २० बर्षीय आकाश राई मृत फेला परेका छन् ।

साथीहरु सँगै नुहाउन पोखरीमा पसेका राई डुबेर बेपत्ता भएको भन्ने खबर प्राप्त भएसँगै बेपत्ता युवकको खोजतलासमा खटिएको विपद व्यवस्थापन गुल्म चन्द्रगढी र सशस्त्र प्रहरीसहितको टोलीले राईलाई पोखरीभित्र मृत फेला पारेको हो ।

घटनाबारे थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय बेलवारीले जनाएको छ ।

# भारतबाट आएको भनेपछि ...

**काँकरभिट्टा, असार १।** मेचीनगर- ११ धाइजनका एक व्यक्तिको मृत्यु भएको करिब चार घण्टापछिमात्र शव उठाइएको छ । स्थानीय ६१ वर्षीय कार्की थरका पुरुषको बिहान ८ बजेतिर निधन भएको भए पनि मध्यान्ह १२ बजेमात्र शव अन्त्येष्टिका लागि घाट लगिएको मेचीनगर नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ ।

मृतक कार्की केहीदिनअघिमात्र भारतबाट मेचीनगर घर आएका थिए । भारतीय सेनामा कार्यरत् स्वर्गीय कार्की लकडाउन हुनुअघि भारतको बागडुग्रास्थित हात्तीसारको पेन्सन अफिसमा गएका थिए । लकडाउनका कारण नेपाल आउन नपाएका उनी भारतमै रहेका छोरी ज्वाइँ कहाँ बसेका थिए । लकडाउन खुकुलो भएपछि नेपाल फर्किएका कार्कीका स्वास्थ्यमा समस्या देखिएका कारण बिर्तामोडस्थित मनमोहन मेमोरियल सामुदायिक अस्पताल बिर्तामोड लगिएको थियो । त्यहाँ केही दिन उपचार गरे पनि स्वास्थ्यमा उल्लेखीय सुधार नभएपछि परिवारले विराटनगरस्थित नोवल



मेडिकल कलेज लगेका थिए । शुक्रबार विराटनगरमा उपचारपछि घर ल्याइएका कार्कीको सोमबार बिहान घरमै निधन भएको थियो ।

भारतबाट आएको मान्छे भनेपछि गाउँलेहरुमा अनेक शंका उपशंका पैदा भएपछि उनको अन्त्येष्टीमा ढिला भएको बताइएको छ । घटनाको जानकारी हुनासाथ मेचीनगर नगरपालिकाका प्रमुख विमल आचार्य, उपप्रमुख मीना पोखरेल उप्रेती, वरिष्ठ प्रशासकीय अधिकृत अनन्तप्रकाश वस्ती मेचीनगर नगरपालिकाको स्वास्थ्य शाखा संयोजक संयोजक शशीकला राई स्थानीय प्रहरी प्रशासनका प्रमुखसहित मृतकको घरमा पुगेका थिए ।

'हामी पुग्दा उनको घरलाई शील गरिएको रहेछ'- शाखा संयोजक राईले भनिन्- 'मेयर साव उपमेयर साव र हामी पुगेपछि स्थानीयलाई सब कुरा बुझाएपछि उहाँको शव उठ्यो ।' पछि गाउँलेहरु सबैजना आएको र शील गरेको घर आफूहरुले हटाएको उनको भनाई थियो । कुरा बुझेपछि शव परिवारसहित गाउँलेले नै बोकेर नदीसम्म पुर्‍याएको संयोजक राईले जानकारी दिइन् । उनका अनुसार शव उठाउदा पीपीसेट ग्लोब्स, मास्क सेनिटाइजरको प्रयोग गरी सामाजिक दुरी कायम गरिएको थियो ।

'उनी भारतबाट आएको भनेपछि स्थानीयमा डर भएको रहेछ' -शाखा संयोजक राईले भनिन्- 'परिवारका अनुसार लकडाउनअघि नै भारत गएका कार्कीमा दुवै मृगौलाको समस्या रहेछ । यसैका कारण उनको मृत्यु भएको हुनसक्छ ।' कोरोनाको आशंकामा स्थानीय डराएका भए पनि मृतक कार्कीमा कोरोना संक्रमण नभएको यसअघिका उनले विभिन्न प्रयोगशालामा गराएको परक्षिणबाट प्रष्ट हुने स्वास्थ्यकर्मीहरुको भनाई छ। उनको कोरोना परीक्षण नगरिएको भए पनि नोबेल अस्पतालको अन्य रिपोर्ट हेर्दा कोरोना भएको देखिँदैन र उनको मृत्युको कारण मृगौला खराव नै भएको स्वास्थ्य अधिकारीहरुले बताएका छन् । स्वास्थ्यकर्मीहरुले गाउँलेलाई सबैकुरा बताएपछि मात्र उनको अन्त्यष्टि भएको हो ।

मेचीनगर नगरपालिकाका प्रमुख विमल आचार्य र उपप्रमुख मीना पोखरेल उप्रेतीले व्यवस्थितरुपमा सुरक्षित ढंगले शवको व्यवस्थापन गर्न नगरको स्वास्थ्य शाखालाई निर्देशन दिएका थिए । नगरको स्वास्थ्य शाखाको अगुवाईमा धाइजन स्वास्थ्य चौकी इञ्चार्ज कविता निरौलासहितको टोलीले घरमा पुगेर नोवेल अस्पतालको रिपोर्ट चेकजाँच गर्दा दुवै मृगौला खराब भएको र कोरोना नभएको पुष्टि गरेको थियो ।

उनको अन्त्येष्टि कार्यमा नगर प्रमुख आचार्य, उपप्रमुख उप्रेती, क्वारेन्टाइन समन्वय समितका संयोजक नवीन बराल, वडाध्यक्ष मेचे, नगरपालिका वरिष्ठ प्रशासकीय अधिकृत अनन्तप्रकाश वस्ती, इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रहरी नायव उपरीक्षक राजेन्द्र पोखरेल लगायतले गाउँलेलाई सम्झाई बुझाई गरेको बताइएको छ ।

## झापामा...

भएको छ । यो सडक नेपाल पूर्वाधार कन्ट्रक्सनले कालोपत्रे गरेको हो ।

गाउँपालिकाले प्रत्येक वर्ष प्रत्येक वडामा एउटा मात्रै सडक कालोपत्रेका लागि छनौट गर्दै कालोपत्रे गर्दै आएको छ । गाउँपालिकाभित्रका सबै सडकलाई कालोपत्रे गरिसक्ने योजना अनुसार गाउँपालिकाले सडक कालोपत्रेको कामलाई अघि बढाएको गाउँपालिका अध्यक्ष साहले बताए ।

यसैबीच पश्चिममा सानो माई र पूर्वमा विरिङ खोलाको कटान र डुवानको चपेटा वर्षौंदेखि झेल्दै आएको झापा गाउँपालिकाले यस वर्ष झोलुङ्गे र पक्की पुल निर्माण कार्यलाई प्राथमिकता दिएको छ । गाउँपालिकाले खोलामा तटवन्धनसँगै पुल निर्माण गर्दै गाउँपालिकाबासीलाई आवतजावतमा सहजता प्रदान गरेको हो । अहिले वडा नम्वर २ को झापा-कुवाडी सडक खण्डमा पर्ने सानो माईमा एक करोड बढीको लागतमा झोलुङ्गे पुल निर्माण भइरहेको छ । सिमलवाडी-फूलगाच्छी जोड्ने सडकखण्डको सानो माईमा नै ६० लाख रुपैयाँको लागतमा झोलुङ्गे पुल निर्माण भइरहेको गाउँपालिकाका प्रमुख प्रशनसकीय अधिकृत निरौलाले बताए ।

त्यस्तै कामाटोली-लालमोहर जाने सडक खण्डमा पर्ने सानु माई खोलामा पक्की पुल निर्माण भएको छ । ७५ लाख रुपैयाँको लागतमा पुल निर्माण गरिएको हो । वडा नम्वर १ को लसुनगञ्ज सालमारा सडकखण्डको सानो माइमा नै ३ करोड ६० लाख रुपैयाँको लागतमा पक्की पुल निर्माण भइरहेको छ ।

त्यस्तै साविकको कुमरखोद, टाघनडुब्बा र शरणामति गाविसलाई समेटेर बनेको झापा गाउँपालिका ९४.१२ वर्ग किलोमिटरमा फैलिएको छ । समुद्री सतहबाट ७० देखि १०० मिटरसम्मको उचाइमा रहेको यो गाउँपालिकामा मिश्रित बसोवास पाइन्छ । यहाँका नागरिकको मुख्य पेशा कृषि तथा पशुपालन भएको हुँदा विपन्न तथा मध्यम वर्गीय परिवारको संख्या यो गाउँपालिकामा धेरै छ । २०६८ को जनगणना अनुसार आठ हजार २२ घरधुरी रहेको यहाँको कूल जनसंख्या ४१ हजार एक सय ३६ जना हो ।

गाउँपालिकाले सर्बेक्षण गरेर तयार गरेको पार्श्व चित्रलाई आधार मान्दा वर्षभरि खान पुग्ने परिवार संख्या दुई हजार एक सय ७८ छ । एक हजार पाँच सय ३० परिवारले मात्रै वर्षभरि खान पुग्ने गरी अन्न उत्पादन गर्दै बचेको अन्न बिक्री गर्छन् । यो गाउँपालिकामा विपन्नको संख्या धेरै छ । फलस्वरुप गाउँपालिकाले विपन्न परिवारको पहिचान गर्दै विपन्न परिवारलाई घर निर्माण गर्दै आएको छ ।

यो वर्ष एक सय ६४ परिवारलाई गाउँपालिकाले घर निर्माण गरेको छ । गाउँपालिकाले सहारा नेपाल र ह्याविट्याटको सहकार्यमा विपन्न परिवारकालागि एक सय ६४ वटा घर निर्माण गरेको हो । प्रति घर निर्माणमा एक लाख ५० हजार रुपैयाँ खर्च हुने गरेको बताइन्छ । गत वर्ष गाउँपालिकाले ७६ वटा घर निर्माण गरेको थियो ।

धान, मकै, गहुँ आदि मुख्य वाली रहेको झापा गाउँपालिकाका नागरिकको मुख्य पेशा पनि कृषि नै हो । ७८.२४ प्रतिशत साक्षर रहेको झापा गाउँपालिकाले १५ शैय्याको अस्पतालसहित स्वास्थ्य संस्थाको समेत स्तरोन्नति गर्दै लगेको छ । सबै वडामा विदुत सेवा विस्तार, कृषकका लागि गोठ सुधार कार्यक्रम, गोवरग्यास प्लान्ट निर्माणमा अनुदान, कृषकलाई पानी तान्ने मोटर, निःशुल्क बीऊ बीजन, मल खरिदमा छुट जस्ता कार्यक्रम गाउँपालिकाले सञ्चालन गरेको छ ।

## नेपालमा...

गतिविधिमा देखिएका मानिसहरूले खासै सतर्कता नअपनाउनुमा कोरोना भाइरस संक्रमण र त्यसबाट जोगिने उपायबारे राज्यले पर्याप्त जानकारी फैलाउन नसक्नु पनि एउटा कारण हुन सक्ने कतिपयको आरोप छ । तर, त्यो सँगै स्वयम् नागरिकहरू पनि जिम्मेवार रहेको डा. वन्तको बुझाइ छ ।

**सतर्कता आवश्यक**

डा. वन्त भन्छन्- कम्तिमा शहरको एउटा ठूलो तप्काले यसको बारेमा बुझेको छ । कम्तिमा त्यो तप्काले पनि लकडाउन खुकुलो पारिए पनि सतर्कता अपनाउनुपर्ने हो नि । हाम्रो आफ्नो तर्फबाट पनि लापरबाही भएको हो कि जस्तो मलाई लाग्छ ।

जनचेतना जगाउने सन्दर्भमा राज्यको तर्फबाट यथेष्ठ काम गरिएको जनसंख्या तथा स्वास्थ्य मन्त्रालयका स्वास्थ्य शिक्षा अधिकृत गणेश श्रीवास्तवको दाबी छ । अलि-अलि कमीकमजोरी हुन सक्ला । तर, सचेतना फैलाउने कुरा गर्नुपर्दा अहिले स्वास्थ्यकर्मीदेखि महिला स्वयम्सेविकाहरूले घरदैलो मै पुगेर जानकारी गराइरहनुभएको छ- उनले भने । बानीव्यहोरामा परिवर्तनका लागि व्यक्ति आफैंबाट शुरूवात गर्नुपर्नेमा श्रीवास्तवको जोड छ । जनस्वास्थ्यविद्हरूका अनुसार मानिसहरूले सावधानी नअपनाएमा र संक्रमण निकै बढ्दै गएको अवस्थामा अर्को ढाँचामा लकडाउन फेरि पनि गर्नुपर्ने हुन सक्छ । डा. वन्त थप्छन्- हामी संक्रमणको पहिलो लहरमै छौं । पहिलो लहरकै क्रममा एकदमै धेरै संक्रमण बढ्न थाल्यो भने यो लकडाउनको सम्भावनालाई कहिल्यै पनि नकार्न सकिँदैन । *बीबीसी*

## आचारण...

नगरपालिका नगर शिक्षा समितिका पूर्व प्रमुख युवराज पाण्डेको संयोजकत्वमा पाठ्क्रम निर्माण समिति गठन गरिएको थियो । सो समितिको सदस्यहरुमा देवेन्द्र हुमागाई, मोहन ओली, डम्वरबहादुर बस्नेत, युवराज कट्टेल, टीका पोखरेल, भोजराज दाहाल, टंक सेढाई, तिलचन भण्डारी, केशरवहादुर खवास, दिनेश आचार्य लगायत रहेका छन् ।

त्यस्तै पूर्व स्रोतव्यक्ति टंक सेढाईको संयोजकत्वमा कक्षा ५ र ६ को पाठ्यक्रम तथा पाठ्यपुस्तकको पाण्डुलिपी लेखन र सम्पादन समिति गठन गरिएको छ । समितिको सदस्यहरुमा देवेन्द्र हुमागाईं, लिलाप्रसाद भण्डारी, भोजराज दाहाल, टीका पोखरेल रहेका छन् । त्यसैगरी पाठ्यपुस्तकको पाण्डुलिपी लेखन सहयोगीहरुमा धर्मराज माझी, श्याम दाहाल, सरस्वती दाहाल, धनकुमारी खरेल, भुपेश मर्दी रहेका छन् ।

उक्त समितिले पाठ्यक्रम तथा पाठ्यपुस्तकमा बिर्तामोड नगरपालिकाको भूगोल, इतिहास, संस्कृति सम्पदा, वन, वातावरण तथा सरसफाई, स्थानीय आर्थिक विकासका आधार, सामाजिक विकासको अवस्था, पर्यटन, स्थानीय विकास पूर्वाधार, विपद् व्यवस्थापन र सुरक्षा, योग शिक्षा, यातायात, सञ्चार, आचरण तथा आत्मसम्मान, नेतृत्व तथा व्यक्तित्व विकास लगायतका विषयलाई समावेश गरेको कक्षा ५ र ६ को पाठ्यक्रम तथा पाठ्यपुस्तकको पाण्डुलिपी लेखन र सम्पादन समितिका सदस्य देवेन्द्र हुमागाईंले बताए ।

समितिले कक्षा ५ र ६ को पाठ्यक्रम तथा पाठ्यपुस्तकको पाण्डुलिपी तयार गरेर बिर्तामोड नगरपालिका नगर शिक्षा समितिलाई हस्तान्तरण गरेको थियो ।

बिर्तामोड नगरपालिका नगर शिक्षा समितिका पूर्व प्रमुख तथा पाठ्क्रम निर्माण समितिका संयोजक युवराज पाण्डेलाई पाठ्यक्रम सम्पादन समूहका संयोजक टङ्कप्रसाद सेढाईले पाठ्यक्रम हस्तान्तरण गरेका थिए । कक्षा ५ र ६को पाठ्यक्रम तथा पाठ्यपुस्तकको पाण्डुलिपी हस्तान्तरण गरेका थिए । स्थानीय पाठ्यक्रम निर्माण समितिले नगरपालिकाको शिक्षा शाखाका प्रमुख तिलचन भण्डारीलाई पाठ्यपुस्तकको खाका हस्तान्तरण गरेको छ ।

कक्षा ५ र ६को पाठ्यक्रम तथा पाठ्यपुस्तकको पाण्डुलिपी लेखन र सम्पादन समितिले बिर्तामोड-५ स्थित न्युटन्स एजुकेशन एकेडेमीको सभाहलमा कक्षा ५ र ६ को पाठ्यक्रम तथा पाठ्यपुस्तकको पाण्डुलिपी लेखन र सम्पादन गरिएको समितिका सदस्य तथा न्युटन्स एजुकेशन एकेडेमीका निमित्त प्रिन्सिपल देवेन्द्र हुमागाँईले बताए ।

पाठ्यक्रम तथा पाठ्यपुस्तकका कार्यान्वयनको प्रक्रियामा आएपछि बिर्तामोड नगरपालिकाभित्रका विद्यालयमा लागू गरिने बताइएको छ ।

विद्यालय तहमा असल संस्कार र आचरणको विकास भए मात्रै नागरिक देशप्रति जिम्मेवार बन्न सक्छ भन्ने अवधारणाका आधारमा बिर्तामोड नगरपालिकाले स्थानीयताका आधारमा आफ्नै पाठ्यक्रम बनाएको बताइएको छ । यसअघि नगरपालिकाले गतवर्षदेखि ३ र ४ कक्षामा 'आचरण सचेतना शिक्षा' लागू गरेको थियो । बिर्तामोडका निजी तथा सरकारी विद्यालयका विद्यार्थीले अनिवार्य रुपमा 'आचरण सचेतना शिक्षा' पढ्नुपर्ने व्यवस्था मिलाइएको बिर्तामोड नगर उपप्रमुख पवित्रा महतराले बताइन् ।

## प्रदेश १को ...

रुपैयाँ बजेट छुट्याइएको आर्थिक मामिला मन्त्री आङ्बोले जानकारी दिए ।

पहाडी क्षेत्रलाई माटो सुधार, मुख्य खाद्यान्न वाली मकै, गहुँ, धानको उत्पादकत्व बढाउनका लागि उन्नत मल वीउको उत्पादन प्रबर्द्धन गरिने, कृषिमा व्यक्तिलाई अनुदान रकमलाई निरुत्साहित गर्दै समुदाय र सहकारीमा आधारित कृषि कार्यक्रमलाई प्राथमिकता दिने बजेटमा उल्लेख छ ।

प्रदेशलाई अर्ग्यानिक बनाउन ९ करोड ८४ लाख बजेट छुट्याइएको छ भने धूलो दूध कारखानाका लागि १३ करोड, कृषि यान्त्रिकीरणका लागि साना कृषि यन्त्रहरु उपलब्ध गराउन ६ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

सरकारले आर्थिक वृद्धि ३ दशमलव ४१ प्रतिशत हासिल गर्ने अनुमान गरेको छ । मन्त्री आङ्बोले विभिन्न सूचक र आर्थिक सर्वेक्षण उपलब्ध गराएको तथ्यांकअनुसार प्रदेशको समग्र अवस्था चित्रण गरेको बताए । संघीय सरकारले चालूआर्थिक वर्षको आर्थिक वृद्धिदर २.३ प्रतिशत रहने अनुमान गरिरहेको बेला प्रदेश १ को आर्थिक वृद्धिदर भने ३ दशमलव ४१ हुने अनुमान गरिएको छ ।

यस्तै प्रदेश सरकारले झापाको भद्रपुरमा रहेको मेची अस्पतालको स्तरबृद्धिका लागि २३ करोड रुपैयाँ बिनियोजन गरेको छ। उक्त अस्पतालमा सिटि स्क्यान मेसिन पनि जडान गरिने मन्त्री आङ्बोले जानकारी दिए । अन्य भौतिक पूर्वाधार निर्माण पनि सम्पन्न गरिने उनले बताए । उता कोशी अस्पताल विराटनगरमा रहेको कोभिड-१९ उपचार केन्द्रलाई सरुवा रोग अस्पतालको रुपमा विकास गर्ने भएको छ । सरुवा रोग अस्पताल बनाउन ५० करोड रुपैयाँ बिनियोजन गरिएको उनले जानकारी दिए ।

संघिय सरकारले जेठ १५ गते गते, प्रदेश सरकारले आसार १ गते भित्र बजेट ल्याउनु पर्ने ब्यवस्था रहेको छ । सोही अनुसार सोमबार सात वटै प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गरेका हुन् ।

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल
कोरोनाको संक्रमणबाट बाँच्न सचेतना अपनाऔं
- साथीभाइसँग हात नमिलाऔं, त्यसको सट्टा नमस्कार गरौं ।
- साबुन पानीले पटक-पटक हात धुऔं
- कसैसँग अंकमाल नगरौं, ज्वरो-खोकी लागेको मान्छेसँग नसुतौं
- अनावश्यक भीडभाडमा नजाऔं
- झ्याल ढोका बन्द गरेर सानो कोठामा धेरैजना नबसौं ।
- जंगली जनावरलाई नछुऔं, बिरामी घरपालुवा जनावरको पनि सम्पर्कमा नजाऔं ।
- सर्जिकल मास्कको प्रयोग गरौं, कपडाको मास्कले प्रदुषण मात्रै रोक्छ ।
- कोरोनाको बिरामी भेट्न जान लागेको हो भने एन-९५ मास्क नै लगाउनुपर्छ ।
- खोकी, ज्वरो र श्वास फेर्न गाह्रो भएको छ भने चेक गर्न जाऔं ।
बिर्तामोड नगरपालिका







श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## सत्यको जीत निश्चित छ

इतिहास मै पहिलोपटक एकता प्रदर्शन गरेका हाम्रा राजनीतिक दलहरू सम्भवत: अहिले छिमेकी देश भारतका लागि टाउको दुखाइ भएका छन् । अतिक्रमित भूमि फिर्ता लिने प्रक्रिया अनुसार भएको संबिधान संशोधन प्रस्तावमा संसद्मा प्रतिनिधित्व गर्ने सबै दलले पूर्ण समर्थन गरेर ऐतिहासिक एकता प्रदर्शन गरेका हुन् । विगतमा आफ्नै संरक्षण र सहयोगमा हुर्किएका कारणले ती दलहरूबाट आशा र अपेक्षा गर्नु मानवीय हिसाबले ठीक होला तर माता र मातृभूमिप्रतिको कर्तव्यबाट बिचलित हुनु हुँदैन त्यो भारतले बुझ्नै सकेन । त्यसैले भारत सरकार, भारतीय मिडिया र भारतीय जनता यतिबेला टुप्पी कसेर हामीबिरूद्ध बिष बमन गरिरहेका छन् । कमजोरी हाम्रा अगुवाहरूले गरेकै छन् सत्ता प्राप्त गर्ने वा सत्ता नछोड्ने स्वार्थ पूरा गर्ने नाममा उसको 'बुई' चढेर ।

गल्तीबाटै सिक्छ मानिसले गल्तीको महशुस गऱ्यो भने । लडेर उठ्दा लड्नुको कारण थाह पाउन सकियो भने फेरि–फेरि नलडिएला । त्यसैले इतिहासले दिएको यो अभूतपूर्व एकता र जिम्मेवारीलाई निष्कर्षमा पुऱ्याउने दायित्व वर्तमान सरकारको हो । अब उसले 'किन्तु–परन्तु' भन्न पाउँदैन, कोरोना वा अरू कुनै बहानामा अल्मलिन हुँदैन र पाउँदैन पनि । यसैले सरकार र सत्तारूढ दलको जीवन निर्धारण गर्नेछ र विगतमा आफूहरूद्वारा भए– गरेका अक्षम्य अपराधहरूको प्रायश्चित पनि हुनेछ । हो, अहिलेको मूल समस्या कोभिड–१९ नै हो । तर, राष्ट्रिय अस्मितामाथि जब प्रश्न खडा हुन्छ ब्यक्ति गौण बनिन्छ । यही कारण भनिएको हो्– 'जननी, जन्मभूमिश्च स्वर्गादपि गरियसी ।' जन्मभूमिको रक्षार्थ आमाहरूले दूधमुखे बालक पिठ्युँमा बोकेर अंग्रेजसँग नालापानीको युद्ध लडेको ज्यूँदो इतिहास हाम्रै हो । क्रुर सेनानायक जिलेप्सीको मुटुमा भेदन गर्ने हाम्रा पूर्खाहरूको वीरता र अदम्य साहस कोरा कल्पना होइन । पद, पैसा र ऐश्वर्यको मोह देखाएर लेखिएको चिठ्ठी अंग्रेजी दूतका अघि च्यातेर, थुकेर अनि कुल्चिएर 'बाघको डमरु हुँ, सिनो खाने कुकुर नसम्झ' भन्ने अमरसिंह थापाको स्वाभिमानले नै त बहादुर जातिको पहिचान दिएको छ । सात समुद्र पारीको शक्तिलाई रोक्न, स्वाधीन र स्वतन्त्र राष्ट्रको गौरव बढाउनका पृथ्वीनारायण शाह लगायत उक्त महाअभियानमा तन, मन, धन र बुद्धि समर्पण गर्ने पूर्खाहरूको गौरव अक्षुण्ण राख्ने दायित्व वर्तमान सरकारको हो । त्यसैले संसदले दिएको समर्थन आम जनताको आदेश ठानेर सरकारले अब तीन करोड जनताको बलमा मातृभूमिलाई अतिक्रमणबाट मुक्त गर्नुपर्छ ।

भारत कहिल्यै हाम्रो शत्रु भएन । ऊ आफैं बक्सिसमा स्थापित भूगोल हो । त्यसैले ऊसँग शत्रुता बढाउनुपर्ने कारण पनि छैन । नेपालले युद्ध हारेको होइन केही भू–भाग गुमाएको मात्र हो त्यो पनि स्वतन्त्र अस्तित्व रक्षाका निमित्त । तर, आज भारत त्यहाँका सञ्चारमाध्यम मार्फत विष ओकलिरहेको छ । काल्पनिक कथा जोडेर ठूलो स्वरले चिच्याइरहेको छ । सीमा अतिक्रमण गरेकै छ, सीमान्त क्षेत्र मिचिएको छ, सुस्ता र कालापानी वारीको ठूलो भू–भाग अहिले विवादको उत्कर्षमा छ । 'जो–उसकै ठूलो स्वर' नभए त टेबलबाटै विवाद समाधान हुन सक्थ्यो । संसारका ठूल्ठूला युद्ध वा असमझदारी वार्ताबाटै टुंगिएको छन् । त्यसैले अथक र अबिराम हिंड्नुपर्छ टुंगोमा पुगिन्छ । यसका लागि कार्यकारी प्रमुखको मूल भूमिका रहन्छ । शरीरले गलित भए पनि इच्छाशक्ति र जनताको साथ र समर्थनले सतिसाल झैं बलिया प्रधानमन्त्रीको गोडामा आएको गोल जालीभित्र पस्नुपर्छ । अझ बल आर्जन गर्ने हो भने सरकारले, सरकारमा बस्नेहरूले संयमित, शिष्ट, सदाचारी बन्नुपर्छ । देशका बुद्धिजीवी, अध्येता, इतिहास तथा भूगोलविद्, नैष्टिक राष्ट्रसेवक, सञ्चारमाध्यम तथा अकर्मण्यताविरूद्ध सडकमा रहेका लगायत सबै नेपालीलाई विश्वासमा लिन सक्नुपर्दछ । सत्यको जीत भएरै छाड्छ, यो हाम्रो दर्शनको मान्यता पनि हो ।

# मौसमजन्य जोखिम र चट्याङ



रामप्रसाद अवस्थी

जनसंख्या वृद्धिसँगै जलवायुमा निरन्तर परिवर्तन हुँदै जाँदा मानव समुदाय जलवायुजन्य प्रकोपहरूको खतरामा परेको छ । यी प्रकोपहरूका कारण बढ्दो मृत्युदरको खतरालाई हालका वर्षमा जलवायु परिवर्तन सम्बन्धी विश्वव्यापी छलफल र अनुसन्धानको पक्षका रूपमा लिएको पाइन्छ । जलवायु परिवर्तनको सङ्कट जल र मौसमजन्य प्रकोपको जोखिम र अनुकूलन र समानुकूलन क्षमतामा भर पर्दछ । अग्रिमरूपमा प्रदान गरिने चेतावनीले मौसमजन्य विपद्को क्षति न्यूनीकरण गर्न सहयोग गर्छ । यद्यपि विनाशकारी प्रकोपहरूले भविष्यमा ल्याउनसक्ने महाविपत्तिको दायरालाई आँकलन गर्नका लागि ऐतिहासिक घटनाको विवरण, मृत्यदर र नोक्सानीलाई सूक्ष्म विश्लेषण गर्नुपर्दछ ।

> आधुनिक प्रविधिको प्रयोग र नवीनतम् खोज अनुसन्धानबाट प्राप्त नतिजाहरूको प्रयोग, विपद्को पृथक्ता अनुसार विशेषज्ञताको सही र समयमै उपयोग गर्न सके विपद् जोखिम समानुकूलन क्षमता अभिवृद्धि भई क्षति न्यूनीकरण गर्न सकिन्छ ।

बर्षेनि हुने प्राकृतिक प्रकोप मध्ये करिब ९० प्रतिशत मौसम सम्बद्ध हुन्छन् जुन पछिल्ला दशकहरूमा दोब्बरले वृद्धि भइरहेको देखिन्छ । नेपालमा मौसमजन्य प्रकोपबाट हुने मानवीय क्षतिको करिब १६ प्रतिशत र घटित सबै प्रकारका प्राकृतिक प्रकोपजन्य क्षतिको पाँच प्रतिशत चट्याङका कारण हुने गरेको पछिल्लो २० वर्षको तथ्याङ्कले देखाउँछ । चट्याङको स्वरूप हेर्दा सुन्दर देखिने भए पनि यसबाट निस्कने ध्वनि, मेघगर्जन, बिजुली र अत्यधिक तापप्रदायक (सूर्यको सतहको तापक्रमभन्दा पाँच गुणा बढी र एकपटकको चट्याङका क्रममा निस्किने झुल्का (फ्ल्यास)ले १०० वाटको बिजुली चिमलाई तीन महिनासम्म प्रयोग गर्न मिल्ने)ले निम्त्याउने मृत्युका अतिरिक्त मानसिक तनाव र त्रासले मानिस र जीवजन्तुमा असर गरिरहेको हुन्छ ।

पछिल्लो दशकमा मानवीय क्षति गराउने गरी देखापरेको चट्याङका घटनाहरूमा सन् १९७१ देखि २०१० सम्म दोब्बरले वृद्धि भइरहेको छ । ती घटना प्रायः सबै जिल्लामा बढ्दो क्रममा रहेका देखिन्छन् भने मनाङ र मुस्ताङमा क्षति भएको देखिँदैन । यद्यपि पहाडी र हिमाली जिल्लामा पहिलाभन्दा अहिले बढिरहेको देखिन्छ । सो अवधिमा मकवानपुर, झापा, मोरङ, नुवाकोट, उदयपुरमा सबैभन्दा बढी क्रमशः २१४, १४८, ११९, ९८, ८६ पटक परेको चट्याङले ११७, ९२, १०३, ६५, ४७ जनाको ज्यान गएको गृह मन्त्रालयको तथ्याङ्कले देखाउँछ । ज्यान गुमाउने महिलाभन्दा पुरुषको संख्या तुलनात्मक रूपमा बढी छ । चैत, वैशाख, जेठ र असार महिनामा चट्याङ सम्बन्धी घटना बढी देखापर्छ । मध्य कात्तिकदेखि पुसको मध्यसम्म यसको जोखिम न्यून देखिन्छ ।

**जोगिने उपाय**

मौसम सम्बन्धी सूचना र चेतावनी अनुसार सावधानी अपनाउनु पर्दछ । जल तथा मौसम विज्ञान विभागले तत्कालिक पूर्वानुमान गर्ने तथा सञ्चालित चट्याङ संवेदन केन्द्रहरू मार्फत कुन-कुन स्थानमा चट्याङ हुन्छ वा भइरहेको छ भन्ने जानकारी लिन सकिन्छ ।



चट्याङबाट जोगिन गर्जन हुनासाथ अनिवार्य तत्काल घर र बन्द आश्रयस्थलभित्र जानुपर्छ । कामकाज तथा बाह्य आवागमन नगरी कम्तीमा ३० मिनेटसम्म धैर्य साथ भित्र बस्नुपर्छ । यस अवस्थामा ३०-३० को नियमलाई नबिर्सनु भन्ने चलन लोकप्रिय छ । जसअन्तर्गत बिजुली चम्केको देख्नासाथ एकदेखि ३० सम्म गन्न सुरु गर्ने र ३० नपुग्दै (३० सेकेन्डभित्र) गर्जनको आवाज सुनियो भने चट्याङ पाँच किलोमिटरभन्दा नजिक छ भन्ने अनुमान गर्न सकिन्छ । आफू नजिक आश्रयस्थल छैन भने जमिनलाई जतिसक्दो कम छुने गरी घोप्टो परी बस्ने, भेटिएसम्म गुफा, खाडल, खोँच, खुला जङ्गलमा बाक्लो होचा रुखहरूको छहारीमुनि बस्नु सुरक्षित मानिन्छ तर बाढीको ख्याल राख्नुपर्छ । अग्ला वस्तुहरू, एकल अग्ला रुखहरूको उचाइभन्दा दुई गुणा टाढा हुनेगरी खुला ठाउँ रोज्नुपर्छ । सकभर पहाडको टुप्पो, अग्ला स्थान, खुला ठाउँ, तारबार, धातुजन्य डण्डी, विद्युतीय सुचालकको मुनि र नजिक नरहने । यात्रा गरिरहेको अवस्थामा बन्द सवारीसाधनभित्रै बस्दा सुरक्षित हुन्छ । धातुजन्य वस्तुहरू प्रयोग नगर्ने । प्रज्ज्वलनशील सामग्री र पदार्थलाई खुलारूपमा नछोड्ने । खुला झ्याल, ढोका, चिम्नी नजिक, ठोस वस्तु तथा भित्तामा टाँसिएर नबस्ने किनभने एकतिहाइ चट्याङले घरभित्र पनि हानी पुऱ्याउने गरेको दृष्टान्त छ । विद्युतीय उपकरणहरू, पाइपलाइन, धारा, तारफोन, तारयुक्त साधनभन्दा टाढा बस्ने तथा पूर्ण बन्द गर्नुपर्दछ । यी उपाय अवलम्बन गर्न नसक्दा करेन्ट लागेको महसुस (कपाल ठाडो हुने, छाला झमझमाउने) भयो भने चट्याङरूपी विद्युत्ले आफूलाई प्रहार गर्न लाग्यो भनेर बुझ्नुपर्छ ।

**जोखिम न्यूनीकरणका प्रयास**

विपद् सम्बन्धी कानूनी आधार र मापदण्डहरू लागू गरिएका छन् । विपद् सम्बन्धी खोज, अनुसन्धान, आधुनिक प्रविधिको पहिचान मार्फत जोखिम न्यूनीकरणसहित विपद् व्यवस्थापनका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण छ ।

जोखिम न्यूनीकरणका लागि बहुप्रकोप पूर्व सूचना प्रणालीलाई कार्यान्वयनमा ल्याउन बहुपक्षीय, द्विपक्षीय सहकार्य र समन्वयको अभाव छ । क्षेत्रगत पक्षहरूको सूक्ष्म विश्लेषण गर्दै प्राधिकरणले विषयगत प्रकोप व्यवस्थापन प्रणालीको सुधार र सबलीकरण गर्नुपर्ने देखिन्छ । आधुनिक प्रविधिको प्रयोग र नवीनतम् खोज अनुसन्धानबाट प्राप्त नतिजाहरूको प्रयोग, विपद्को पृथक्ता अनुसार विशेषज्ञताको सही र समयमै उपयोग गर्न सके विपद् जोखिम समानुकूलन क्षमता अभिवृद्धि भई क्षति न्यूनीकरण गर्न सकिन्छ । चट्याङ लगायत जल, मौसम, जलवायुजन्य प्रकोपबाट हुने क्षति न्यूनीकरणका लागि विपद् प्रतिरोधी मापदण्ड बनाई लागू गर्नुपर्छ । भौतिक संरचना निर्माण, पुनर्निर्माण गर्दा जलमौसमी सूचकहरूलाई अनिवार्य ध्यान दिने, जोखिममा रहेका मानवबस्ती व्यवस्थापन तथा नदी जलाधारहरूमा हुन सक्ने बाढीपहिरो नियन्त्रणका उत्तम उपाय अवलम्बन गर्नुपर्ने आवश्यकता छ ।

विदेशमा जलमौसमलाई एक महत्वपूर्ण प्रशासनका रूपमा विकास र महत्वपूर्ण स्थान दिएको पाइन्छ । नेपालमा भने छ दशक अगाडि जल मौसम सम्बन्धी कार्य गर्न विभाग स्थापना गरिएको भए पनि यस सम्बन्धी छुट्टै नियम कानून, मापदण्ड छैन । मौसम सीमाविहीन तर सबैको चासो र आवश्यकताको विषय हो । मौसम सेवाले दैनिकरूपमा राष्ट्रियस्तरमा मात्रै नभई अन्तर्राष्ट्रियस्तरमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । तथ्याङ्क तथा सूचनाहरू विश्वव्यापीरूपमा आदानप्रदान ( तीन-तीन घण्टामा), सहकार्य र समन्वय पनि नियमित गर्नुपर्ने हुन्छ । यसप्रकारले दैनिक मौसम र बाढी पूर्वानुमान, हवाई मौसम, सुरक्षा सूचना तथा पूर्वानुमान, नदी जल सूचना, कृषि मौसम सेवा लगायतका संवेदनशील कार्यको महत्वलाई ध्यान दिँदै अन्तर्राष्ट्रिय अभ्यास अनुसार जल मौसम सम्बन्धी छुट्टै ऐननियम बनाई अन्तर्राष्ट्रिय गुणस्तर कायम गर्नसक्ने गरी पूर्वानुमान केन्द्रहरूको थप विस्तार गर्नुपर्ने देखिन्छ । चालू कार्यमा भइरहेको सुधारलाई गति प्रदान गर्न सके सामाजिक र आर्थिक समृद्धिमा थप योगदान पुग्ने देखिन्छ । *गोप*

*(लेखक मौसमविद् हुन् ।)*

# विश्वमा कोरोनाबाट ४३५६८१ को मृत्यु

**अमेरिका, असार १।** कोरोना भाइरस (कोभिड १९) बाट विश्वभर मृत्यु हुने व्यक्तिको संख्या चार लाख ३५ हजार छ सय ८१ पुगेको छ । साथै यस संक्रमणबाट विश्वभर ७९ लाख ९७ हजार छ सय नौ जना संक्रमित भएका विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)द्वारा दैनिक प्रेस विज्ञप्तिमा जानकारी दिइएको छ ।

नेपाली समयानुसार सोमबारसम्म प्राप्त समाचार अनुसार कोरोना भाइरसका कारण बिरामी भएका ४१ लाख २९ हजार तीन सय नौ जना निको भएका छन् । हाल विश्वभरमा कोरोना भाइरस संक्रमित ३४ लाख ३२ हजार छ सय १९ व्यक्ति उपचाररत् रहेका छन् । संक्रमितहरुमा ५४ हजार चार सय ६० जनाको अवस्था गम्भीर रहेको जनाइएको छ ।

चीनको हुबे प्रान्तको बुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस संक्रमणको कारण अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ । डब्लुएचओका अनुसार संयुक्त राज्य अमेरिकामा मात्र २१ लाख ६२ हजार दुई सय २८ जनामा कोरोना भाइरसका संक्रमित रहेका छन् । यस प्रकोपका कारण अमेरिकामा एक लाख १७ हजार आठ सय ५८ व्यक्तिको मृत्यु भइसकेको बताइएको छ ।

दक्षिण अमेरिकामा १४ लाख २६ हजार तीन सय ८७ जना कोरोना भाइरस संक्रमति रहेका छन् । यहाँ ६० हजार चार सय ८४ जनाको मृत्यु भएको छ । उत्तर अमेरिकामा २४ लाख ८६ हजार चार सय ८३ जना कोरोना भाइरस संक्रमति रहेका छन् । यहाँ एक लाख ४५ हजार सात सय ७२ जनाको मृत्यु भएको छ ।

युरोपमा २२ लाख छ हजार पाँच सय ११ जना कोरोना भाइरस संक्रमित रहेका छन् भने एक लाख ८२ हजार आठ सय ८१ को मृत्यु भएको छ । एसियामा १६ लाख २२ हजार सात सय ९९ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने, ४० हजार तीन सय ५१ जनाको मृत्यु भएको छ ।

अफ्रिकामा दुई लाख ४५ हजार सात सय ६२ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने छ हजार पाँच सय ५४ जनाको मृत्यु भएको छ । ओसियानामा आठ हजार नौ सय ४६ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने एक सय २४ जनाको मृत्यु भएको छ ।

# सुशान्तको हत्या भएको आशंका !



**भारत, असार १।** आइतबार आत्महत्या गरेका भनिएका भारतीय कलाकार सुशान्तसिंह राजपुतले आत्महत्या गरेको नभई उनको हत्या गरिएको आशंका परिवारले गरेका छन् ।

उनका परिवारले राजपुतले आत्महत्या गरेको नभएर उनको हत्या गरिएको भन्दै अनुसन्धान गर्न प्रहरी समक्ष आग्रह गरेका छन् । कैयौं चलचित्रमा खेलेका राजपुत आइतबार मुम्बई बान्द्रास्थित आफ्नै अपार्टमेन्टमा झुण्डिएको अवस्थामा भेटिएका थिए । प्रहरीले पनि उनको आत्महत्या भएको बताएको थियो । तर, राजपुतका मामा आरसी सिंहले सोमबार भनेका छन्- उनले आत्महत्या गरेको भन्ने बारेमा हाम्रो विश्वास छैन, हामी परिवारका सदस्यहरुले यसको विरोध गरेका छौं उनको हत्या भएको छ प्रहरीले राम्रोसँग अनुसन्धान गरोस् ।

बिहारका प्रहरी कमिसनर मनोज सिंहले घटनाको प्रकृति हेर्दा अहिलेसम्म आत्महत्या नै गरेको जस्तो देखिएको बताएका छन् । भारतीय चलचित्र क्षेत्रका नायक राजपुतका मामा तथा आफन्तहरुले उनले आत्महत्या गर्ने कुनै कारण नरहेको भनेका छन् भने प्रहरीले आत्महत्या गरेको बारेमा कुनै सुसाइड नोट पनि नभेटिएको बताएको छ ।

# दिल्लीका रेलहरुमा आइसोलेसन वार्ड बनाइने

**दिल्ली, असार १।** दिल्ली राज्यका रेलहरुलाई कोरोना भाइरसको उपचार गर्ने आइसोलेसन वार्डका रुपमा परिणत गरिने भएको भारत सरकारले जनाएको छ ।

दिल्ली सरकारले यहाँको आनन्द विहार स्टेशनका रेलहरुका डिब्बामा आइसोलेसन वार्ड बनाउने बताएको हो । त्यस स्टेनसका रेलहरु सोमबारदेखि बन्द गरिएको छ । दिल्ली सरकारले यो कुराको जानकारी दिएको हो । दिल्ली राज्य सरकारका मुख्यमन्त्री अरबिन्द केजरिवालले सोमबारबाट उक्त क्षेत्रका रेलहरुलाई आइसोलेसन वार्डका रुपमा प्रयोग गरिने जानकारी दिए ।

कोरोना भाइरसको संक्रमण बढ्दै गएपछि भारतले रेल र रंगशालामा आइसोलेसन वार्ड बनाउन थालेको बताइएको छ । यसअघि पनि गत महिना नै भारतीय रेल्वे विभागले २० हजार रेल गाडीलाई मेडिकल सुविधामा परिणत गर्ने काम शुरु गरेको बताएको थियो । मुख्यमन्त्री केजरीवालले जवाहरलाल नेहरू रंगशालालाई क्वारेन्टाइन सेन्टर बनाउने बताएका थिए । रंगशालाहरुलाई पनि क्वारेन्टाइन र उपचार केन्द्र बनाएर विदेशबाट आउने नागरिकलाई त्यहाँ राख्ने निर्णय गरिएको जनाएको थियो ।

सोमबार दिइएको समाचार अनुसार भारतको केन्द्र सरकारले करिब पाँच सय रेलगाडी दिल्ली सरकारलाई दिने निर्णय भएकोले सो उपलब्ध गराउने जनाइएको छ । यसबाट दिल्लीका करिब आठ हजार विरामीलाई त्यहाँ राखेर उपचार गर्न सकिने छ ।

ती रेलका डिब्बाहरुमा आइसोलेसनका शैय्याहरु बनाइएको छ र त्यहीँ अस्पतालको बेडमा जस्तै उपचारको सुविधा पनि रहने छ । जसका कारण यहाँ हजारौं मानिसलाई राख्न सकिने छ । यो निर्णयसँगै त्यहाँ तीन लाखभन्दा बढी मानिसलाई क्वारेन्टाइनमा राख्न सकिने रेलवे विभागले एक विज्ञप्तिमा भनेको छ ।

एक अर्बभन्दा बढी जनसंख्या रहेको भारतमा विगत लामो समयदेखि जारी लकडाउन हाल केही खुकुलो भएको छ । भाइरसको फैलावट रोक्न भन्दै सरकारले भारत बन्द गर्ने निर्णय गरेको थियो । तर, यहाँ कोरोना भाइरस संक्रमण भने बढेको त्यहाँका अधिकारीले बताएका छन् । अहिलेसम्म भारतमा यो भाइरसका संक्रमितहरुको संख्या तीन लाख नाघिसकेको छ ।

त्यस्तै यो महामारीबाट नौ हजार जनाभन्दा बढीको मृत्यु भएको छ । भारतीय राज्यहरूले भाइरसको सम्भावित प्रकोपसँग जुध्न रेल सेवालाई पनि अस्थायी अस्पताल बनाउन शुरु गरेका छन् । भारतमा कोरोना भाइरसबाट हुने श्वासप्रश्वास सम्बन्धी गम्भीर समस्याको उपचारका लागि आवश्यक भेन्टिलेटर, चिकित्सक तथा आवश्यक औषधि-उपकरणको अभाव भएको बताइएको छ ।



# ओझेलमा स्याङ्ल्याङ्टार

स्याङ्ल्याङ्टार भन्ने बित्तिकै कुनै उच्च पहाडी क्षेत्रको एक ठाउँ हो जस्तो लाग्न सक्छ । वास्तवमा टारको नाम पहाडी भू-भागमा नै हुने गर्छ, पहाडै पहाड भएको ठाउँमा केही भू-भाग सम्म फाँट बनेको ठाउँलाई टार भनिन्छ । कूल क्षेत्रफल मध्ये पहाडी क्षेत्र धेरै पर्छ नेपालमा, देशभरीमा अनुमान लगाउँदा हजारौं टार रहेका होलान्, ती टारको अगाडि स्थानीय मौलिकता भाषा अनुसार नामकरण गरिएको छ । नामकरण सँगै स्थानको पहिचान गर्न सहज भएको छ । समथल क्षेत्र भनेर चिनिने झापामा पनि पहाडी भू-भागहरु धेरै छ । झापाको दमक नगरपालिका, कमल गाउँपालिका, शिवसताक्षी, कनकाई, अर्जुनधारा, मेचीनगर नगरपालिका र बुद्धशान्ति गाउँपलिका क्षेत्रमा ठूला र साना चुरेपहाडहरु पर्दछन् ।

इलामसँगको सीमाना जोडिएका यस्ता क्षेत्रहरु हावापानी, बोटविरुवा, खोलानाला, कृषि उत्पादन, सामाजिक रहनसहनका हिसावले अत्यन्तै सुन्दर छन् । विविध सांस्कृतिक, धार्मिक विशेषता यी क्षेत्रका अमूल्य उपहार हुन् । त्यस्तै बहुप्राकृतिक छटाले हरेक व्यक्तिलाई मोहित बनाउन सक्ने झापाको एक चुरे पहाडी क्षेत्रमा पर्ने स्याङ्ल्याङ्टार कयौं झापालीहरु माझ नै अपरिचित छ देशको अगाडि त झन गुमनाम नै । यदि कोही स्याङ्ल्याङ्टार पुग्यो भने उसको मन र विचारले भन्ने छ- ओझेल पर्नु हुँदैन स्याङ्ल्याङ्टार ।

**झापाको कुन ठाउँमा छ स्याङ्ल्याङ्टार ?**

झापा जिल्ला मेचीनगर नगरपालिकाको उत्तरी क्षेत्र वडा नं. ३ मा पर्छ । इलाम जिल्लाको रोङ गाउँपालिका वडा नं. ६ स्याङ्ल्याङ्टारको सँधियारी हो ।

**के–के छन् विशेषता ?**

स्याङ्ल्याङ्टार सम्भवतः झापाकै सबैभन्दा सुन्दर गाउँ हो । यस ठाउँमा विशेषगरी सुपारी खेती लगाइएको छ । वरिपरि पहाडले घेरेको छ । खोलाहरु छङ्छङ् गर्दै सुसाई रहेका छन् । एक खहरे खोलामा पुल छैन पहाडमा पानी पऱ्यो भने एकैछिनमा बाढी आउँछ केहीबेरमै खोला सुक्छ । यो दृष्य तराईमा बस्नेहरुको लागी अनौठो हुने नै भयो । सबै जातजातिको बसोबास छ अलिबढी राई जाति छन् । स्याङ्ल्याङ्टारको पूर्वमा मिनिमाउण्टेन पर्दछ, उत्तरमा इलामको लामिडाँडा पर्दछ । चिसो हावा, स्वच्छ पानी, प्रायः युवतीले घुम्टो ओढे झैं एक-एकछिनमा बादलले छोपेर टारलाई शितल बनाई दिन्छ ।

उच्च पहाडमा फल्ने अलैंची, सुन्तला, अम्लिसो लगायत सबै कृषि उत्पादन हुन्छ, यतिबेला अलैंचीको बिरुवा देख्दा दुई हजार मिटरभन्दा माथिको पहाडमा पुगे जस्तो लाग्छ, तर स्याङ्ल्याङ्टार समुद्री सतहबाट पाँच सय मिटर उचाई मात्र हुनुपर्छ । यति कम उचाइमा प्राप्त हुने विविधतालाई मनन् गर्दा मात्र पनि स्याङ्ल्याङ्टारको विषेशताको बारेमा लागेको जिज्ञासाको उत्तर प्राप्त हुन्छ होला, अझ धेरै कुरा आफ्नै तरिकाले खोज्ने त छदैछ ।

**कसरी पुग्ने स्याङ्ल्याङ्टार ?**

स्याङ्ल्याङ्टार पुग्नको लागि धेरै ठाउँबाट बाटाहरु छन् । मेचीनगरको काँकरभिट्टा, धुलाबारी, बुद्धशान्तिको बर्ने शान्तिनगर हुँदै पुग्न सकिन्छ । मेचीनगरबाट जाने हो भने करिब १० किलोमिटर उत्तर बाहुनडाँगी पुग्नुपर्ने हुन्छ । त्यसपछि करिब चार किलोमिटर पूर्व लाग्दा भृकुटी भन्ने ठाउँमा पुगिन्छ, भृकुटीबाट पनि अझ उभो लाग्नु पर्ने हुन्छ, उकालो लाग्दै गर्दा बौद्धमोड आईपुग्छ । बौद्धमोड पुगेपछि करिब-करिब यात्रा टुङ्गिन लाग्ने छ । तर, पनि गन्तव्यका लागि केही समयअघि बढ्नैपर्ने हुन्छ, बौद्धमोडबाट अलिकति ओरालो झर्दै पूर्वतर्फ लाग्नु पर्छ, करिब एक किलोमिटरको यात्रा गरेपछि निन्दा खोला पुल आउँछ त्यो पुलबाट देखिने दृष्यले हर जो कोहीलाई एक छिन रोक्न बाध्य बनाउँछ । अझ ल्याण्डस्किप मनपराउनेहरुका लागि एकैछिनको समय पर्याप्त हुँदैन, त्यसमा पनि फोटोग्राफी गर्न मनपराउनुहुन्छ भने सम्झनु होस् करिब २० देखि ३० मिनेटको समय बनाउनुपर्छ । हरेक दुईचार मिनेटको अन्तरालमा त्यहाँको बादल उडेर जाने र आउनेक्रमले एकपछि अर्को फोटो नखिची चित्तै बुझ्दैन । त्यसैले करिब आधा घण्टाको समय छुट्याउने सोच पहिलै बनाउँदा अझ राम्रो हुन्छ ।







अब स्याङ्ल्याङ्टार जानको लागि पुल पार गर्ने बित्तिकै उत्तरतर्फ जाने ग्राभेल सडक भेटिन्छ, त्यही सडक हुँदै करिब दुई किलोमिटरको दुरी तय गर्नुपर्ने हुन्छ, यो दुरी पार गरेपछि गोलाटार भन्ने ठाउँ आउँछ । गोलाटार पनि धेरै रमाइलो ठाउँ छ । गोलाटारबाट अब अघि बढेको यात्रालाई केही मिनेट अर्थात् दुईदेखि तीन किलोमिटरको दुरीमा स्याङ्ल्याङ्टार पुगिन्छ ।

त्यस्तै मेचीनगरको इँटाभट्टाबाट सिधा उत्तर हुँदै माथि उल्लेख भएको भृकुटी पुगेर जान सकिन्छ । मेचीनगरकै धुलाबारीबाट बेसीबजार हुँदै माथि उल्लेख भएको निन्दा पुल पुग्न सकिन्छ, अर्को बाटो बुद्धशान्तिको बर्ने हापेन्टचोकबाट पूर्व पहिलेको टिमाई शरणार्थी शिविर हुँदै शान्तिनगर, बहुवन हुँदै बेसीबजार पुगेर माथि उल्लेख भएको मार्ग हुँदै स्याङ्ल्याङ्टार पुग्न सकिन्छ ।

यी त मुख्य सडक भए स्याङ्ल्याङ्टार पुग्न अरु साना बाटोहरु थुप्रै छन् । त्यहाँ व्यवसायिकरुपमा सञ्चालित होटल, होमस्टेहरु सञ्चालनमा ल्याइएको छैन । तर, साना चियाखाजाका पसलहरु चोकचोकमै भेटिन्छ । जुनसुकै बाटोबाट त्यहाँ जान चाहनेहरुले साना-ठूला सबैखाले सवारीसाधानलाई सहजरुपमा पुऱ्याउन सकिन्छ ।

**शब्द/तस्वीरः बिनोद पाण्डे**

## मदिराले लठ्याएर बलात्कार गर्ने पक्राउ

**झापा, असार १।** श्रमिक बालिकालाई मदिरा खुवाई बेहोस पारेर बलात्कार गरेको आरोपमा सप्तरीबाट एक युवक पक्राउ परेका छन् । सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-७ का ३७ वर्षीय शिवशंकर मण्डल एक वर्षपछि पक्राउ परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

तिलाठी कोइलाडी-७ स्थित लक्ष्मीबल्लभ नरसिंह माध्यमिक विद्यालयको कोठामा गत असार १८ गते १४ वर्षीया बालिकालाई बलात्कार गरी फरार रहेका आरोपितलाई पक्राउ गरी थप अनुसन्धान कार्य शुरु गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक तिलक भारतीले बताए । पक्राउ परेका आरोपित विद्यालयका कार्यालय सहयोगी समेत हुन् ।

आरोपित मण्डल र विद्यालयको नयाँ भवन निर्माणको रेखदेख गर्ने नाम, ठेगाना थाहा नभएको अन्दाजी ३५/४० वर्षीय मुन्सीले बलात्कार गरेको भन्दै पीडितकी आमाले असार २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकी थिइन् ।

विद्यालय प्राङ्गणमा निर्माण भइरहेको नयाँ भवनमा मजदुरी गर्ने बालिकालाई आरोपितले पारिश्रमिक दिने बहानामा अबेर रातिसम्म अल्मलाएर राखेका थिए । रात परेपछि नास्ता खान जोर जबरजस्ती गरी सर्वत भन्दै झुक्याएर स्प्राइटमा मदिरा मिसाई खुवाएर लठ्याई बलात्कार गरेको पीडितले बताएका छन् ।

## चट्याङ लागेर बालिकाको मृत्यु

**भोजपुर, असार १।** भोजपुरको उत्तरी क्षेत्रमा रहेको षडानन्द नगरपालिका-३ मा चट्याङ लागेर एक बालिकाको मृत्यु भएको छ ।

जिल्लाको टेम्केमैयुङ गाँउपालिका-१ सुम्लीखाका रामजी राउतकी अन्दाजी १० वर्षीया छोरी कृतिकाको मृत्यु भएको इलाका प्रहरी कार्यालय दिङ्लाले जनाएको छ । मामली घर आएकी बालिकालाई भिषण वर्षासँगै परेको चट्याङ लागेको थियो ।

चट्याङ लागेर गम्भीर घाइते भएकी बालिकाको उपचारका लागि स्थानीय स्वास्थ्यचौकीमा लाने क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय दिङ्लाका प्रहरी निरीक्षक भाष्कर खतिवडाले जानकारी दिए । बालिकाको शवलाई उनका अभिभावक आएपछि कानूनी प्रक्रिया पूरा गरिएको खतिवडाले बताए ।

# मेचीनगरमा चेतनामूलक ऱ्यालीसहित बजार अनुगमन

**लक्ष्मी उप्रेती**

**काँकरभिट्टा, असार १।** झापाको मेचीनगरमा जनचेतनामूलक ऱ्यालीसहित बजार अनुगमन गरिएको छ ।

सरकारले असार १ गतेदेखि लकडाउनलाई खुकुलो बनाए लगत्तै यसको प्रभावकारी कार्यान्वयनका लागि नगरका उद्योगी व्यवसायीहरुलाई लकडाउन पूर्णरुपमा कार्यान्वयन गर्न आग्रह गर्दै ऱ्यालीसहित बजार अनुगमन गरिएको हो ।

मेचीनगर नगरपालिका, मेची उद्योग वाणिज्य संघ र इलाका प्रहरी कार्यालय धुलाबारीको संयुक्त आयोजनामा मेचीनगरको मुख्यः व्यपारिक केन्द्र धुलाबारीमा कार्यक्रम आयोजना गरिएको हो । सोमबार धुलबारीमा साप्ताहिकरुपमा हाट लाग्ने गर्दछ ।

विभिन्न चेतनामूलक नारासहितको प्लेकार्ड र व्यानर बोकेर सहभागीहरुले खयरडाँगी, धुलाबारीको पुरानो बजार, साप्ताहिकरुपमा बजार लाग्ने ठाउँ लगायत धुलाबारीको सिरानसम्मको परिक्रमा गरेका थिए ।

नेपाल सरकारद्वारा निषेध गरिएका बाहेक सम्पूर्ण उद्योग व्यवसाय बिहान ८ देखि साँझ ५ बजेसम्म सञ्चालन गर्न उद्योगी व्यवसायीहरुको छाता संगठन मेची उद्योग वाणिज्य संघले अनुगमनका क्रमा नगरका उद्योगी व्यवसायीहरुलाई आग्रह गरेको थियो ।

उद्योग व्यवसाय सञ्चालन गर्दा अनिवार्यरुपमा सामाजिक दुरी कायम राख्न, व्यवसायीले अनिवार्य मास्कको प्रयोग गर्न साथै मास्क प्रयोग नगरेका ग्राहकलाई सामान बिक्री वितरण नगर्न, व्यवसाय स्थलमा साबुन पानीले हात धुने व्यवस्था गर्न वा स्यानिटाइजरको प्रयोग गर्न, दैनिक उपभोग्य वस्तुको मूल्यसूची राख्न, कारोवार गर्दा बिल बिजकको प्रयोग गर्न, होटल तथा रेष्टुरेण्टबाट प्याकिङ् सामग्री बिक्री वितरण सेवा सञ्चालन गर्न, हाटबजार सैलुन, पार्लर, पार्टी प्यालेस आदि व्यवसाय सञ्चालन नगर्न तथा साइकल वा मोटरसाइकलमा चालक मात्र एकजना सवार गर्न अनुगमन टोलीले सम्बन्धित पक्षलाई भनेको छ ।

यदि उल्लेखित मापदण्ड पूरा नगरेमा तथा नेपाल सरकारद्वारा निषेध गरिएका सेवा तथा कार्यहरु गरेमा संक्रामक रोग ऐन २०२० अनुसार कारवाही हुने स्थानीय प्रशासनले जनाएको छ । टोलीले धुलाबारीमा साप्ताहिकरुपमा हरेक साताको सोमबार लाग्ने सबैखाले हाटबजार बन्द गराएको टोलीमा संलग्न इलाका प्रहरी कार्यालय धुलाबारीका प्रहरी निरीक्षक कैलाश चौधरीले जानकारी दिए ।

अनुगमन टोलीमा प्रहरी निरीक्षक चौधरीसहित मेची उद्योग वाणिज्य संघका अध्यक्ष ऋषिराज तिम्सिना, सचिव रविचन्द्र नेपाल, मेचीनगर नगरपालिकाका खाद्य अधिकृत तथा सामाजिक विकास शाखा प्रमुख दीपेन्द्र कार्की लगायतको सहभागिता रहेको थियो ।

कार्यक्रममा माइकिङ र व्यापार व्यवसाय सञ्चालन सम्बन्धी जरुरी सूचनासहितको पर्चा पम्प्लेट समेत वितरण गरिएको थियो ।

पूर्वाञ्चलकै सबैभन्दा ठूलो डिपार्टमेन्ट स्टोर
गोरखा डिपार्टमेन्ट स्टोर
हाम्रा विशेषताहरू :
- अण्डरग्राउण्ड फ्लोरमा : ताजा तरकारी तथा फलफूल
- ग्राउण्ड फ्लोरमा : खाद्यान्न तथा पेय पदार्थ
- पहिलो तलामा : कस्मेटिक्स, किचन वेयर, स्टेशनरी
- दोस्रो तलामा : इलेक्ट्रोनिक्स सामानहरु
- तेस्रो तलामा : जुत्ता-चप्पल, छाता ब्ल्याङ्केट, गलैंचा
- चौथो तलामा : सटिङ, सुटिङ लगायतका लेडिज तथा जेन्ट्स आइटम
- पाँचौं तलामा : बेबी आइटम
- छैठौं तलामा : गोरखा किचेन
गोरखा डिपार्टमेन्ट स्टोर
धरानरोड, इटहरी, सुनसरी फोन नं. ०२५-५८३२५४

बिना अपरेशन सफल उपचार
दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।
उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्क प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

पत्रिका समयमा पाउनु भएको छैन ?
मो. ९८०७९१०२२२
पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।

सेफ्टी ट्याङ्की तथा ढल सफाई
अत्याधुनिक ट्रवो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'

सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

वर्गीकृत विज्ञापन

सुवर्ण अवसर
नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ । तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ ।
नेपाल जब्स केयर सर्भिस प्रा.लि.
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

हिजोको सूनचाँदीको भाऊ
छापावाला सुन : ७७,०००।-
तेजावी सुन : ७६,७००।-
असल चाँदी : ७२५।-

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।

सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

आवश्यकता
सेक्युरिटी गार्डः– ४० जना (महिला/पुरुष)
*यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।*
सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि. बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

डाक्टर आउने बारेको सूचना
डा. पवन पराजुली NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM
ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ
महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)
कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर
बिर्तामोड अन्धुवा खोला छेउ (०२३-५४२८४५)

अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।
दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इञ्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई



ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** मिहिनेत गर्दा सिर्जनात्मक कामबाट ख्याती मिल्नेछ । अवसर प्राप्त हुँदा समयको महत्व नबुझ्नाले पछि परिनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** अरूको मुख ताक्ने बानीले चिताएको काम अधुरो रहनेछ । कमजोरी माथि टिप्पणी हुने समय भएकाले गोपनीयतामा ध्यान दिनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** आलोचकहरू सक्रिय हुने समय छ, बोली-व्यवहारमा सजग रहनुपर्ला । मिहिनेतले फाइदा दिलाउनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** महत्वाकांक्षी कार्य प्रारम्भ हुनेछ । बिछोडिएका आफन्तसँग भेटघाट पनि हुनेछ । तर, खानपानको असावधानीले स्वास्थ्यमा समस्या आउन सक्छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** नजिकिएको विवादास्पद व्यक्तिले समस्या निम्त्याउन सक्छ । परिस्थितिवश विवादास्पद काममा अग्रसर हुनुपर्नेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** कुटनीतिक व्यक्तिको फन्दामा परिनाले फजुल खर्च हुनेछ । शुभचिन्तकहरूको राय लिएर अघि बढ्नुहोला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** अर्थ अभाव खट्किनाले चिताएको काम पूर्ण नहुन सक्छ । बनिसकेको काम दोहोऱ्याउनुपर्ला । समय दिन नसक्दा काम अधुरो रहनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** लगानी बढाउनुपर्ने परिस्थिति आउन सक्छ । आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् भने सहयोग गर्नेहरू कमै भेटिनेछन् ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** शुभचिन्तकहरू समेत टाढा हुनेछन् । धेरै लगानी गर्दा कममात्र फाइदा हुनेछ । साथीभाइको सहयोगले यात्रा हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** भौतिक साधन जुट्नाले प्रसन्नता मिल्नेछ । आयआर्जनका स्रोत बढ्नेछन् भने व्यापारमा पनि बढी नै फाइदा हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** गरिएका कामको राम्रै मूल्यांकन हुनेछ । साझेदारीमा पनि राम्रो फाइदा हुनेछ । आम्दानी बढ्नाले परिवारजनका आवश्यकता पूरा हुनेछन् ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** दिगो फाइदाका लागि लगानी बढाउन सकिनेछ । चिताएको काम बन्नेछ भने अवसरले राम्रै लाभ दिलाउनेछ ।